## सहकारी संस्थामा एप्लिकेशन सफ्टवेयर प्रयोग सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना

एप्लिकेशन सफ्टवेयर मार्फत सहकारी संघ/संस्थाको कारोबारको अभिलेखलाई व्यवस्थित गर्न र संस्थाको लेखा प्रणालीमा कोर बैंकिङ प्रणालीलाई विश्वसनीय, पारदर्शी एवं व्यवस्थित बनाउन विद्युतीय उपकरणमा अभिलेख राखी वित्तीय विवरण तयारी गर्न, पेश गर्न, लेखापरीक्षण गर्न, संस्थाहरुलाई आफ्ना सदस्यप्रति थप जिम्मेवार बनाउन एवम् तोकिएको ढाँचामा वित्तीय प्रतिवेदनलाई प्रस्तुतिकरण गर्ने उद्देश्यले एप्लिकेशन सफ्टवेयरलाई नियमन र व्यवस्थापन गर्नु पर्ने भएकाले प्रदेश सहकारी नियमावली, २०७६ को नियम २० को उपनियम (३) मा भएको व्यवस्थालाई व्यवस्थित गर्न प्रदेश सहकारी ऐन, २०७६ दफा १३२ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरिएको छ।

### परिच्छेद – १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सहकारी संस्थामा एप्लिकेशन सफ्टवेयर प्रयोग सम्वन्धि कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "सफ्टवेयर" भन्नाले विद्युतीय माध्यम प्रयोग गरी सहकारी संस्थामा कारोवारको अभिलेख राख्ने र विल, विजक तथा रसिद जारी गर्ने एवम् तत्सम्बन्धी लेखा राख्ने प्रयोजनका लागि प्रयोग गरिएको विद्युतीय उपकरणमा जडित सफ्टवेयर संस्करण (Software Version) सम्झनुपर्छ।

(ख) "विद्युतीय उपकरण" भन्नाले विद्युतीय माध्यम प्रयोग गरी सहकारीका सदस्यको शेयर बचत तथा ऋण संस्थाको विभिन्न दायित्व तथा आय व्यय सम्वन्धि कारोबारको अभिलेख राख्ने र विल, विजक तथा रसिद जारी गर्ने वा तत्सम्वन्धी लेखा राख्ने प्रयोजनका लागि प्रयोग गरिने उपकरण सम्झनु पर्दछ । यसले सफ्टवेयर संचालनका लागि आवश्यक उपकरण र सफ्टवेयर जडित बिलिङ मेशिन, क्यास रजिस्टर, प्वाइन्ट अफ सेल, क्यालकुलेटर वा यस्तै किसिमका सफ्टवेयर जडित अन्य उपकरण समेतलाई जनाउँछ।

(ग) "सदस्य" भन्नाले संस्थाले आफ्ना सदस्यका लागि उपलब्ध सेवासंग सम्वन्धित कारोबारमा संलग्न प्राकृतिक व्यक्ति वा कानुन बमोजिम दर्ता भएका गैह नाफामूलक संस्था समेत सम्झनुपर्छ।

मा. खगेनसिं हाङ्गाम
मन्त्री

प्रदेश सचिव

(घ) "सफ्टवेयर उत्पादक वा सेवा प्रदायक" भन्नाले विद्युतीय उपकरण तथा सोमा प्रयोग हुने सफ्टवेयर विकास वा निर्माण गर्ने वा सेवा प्रदान गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेशको सहकारी क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(च) "कार्यालय" भन्नाले प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय सम्झनुपर्छ।

(छ) "वितरक" भंन्नाले उत्पादकबाट उत्पादित उपकरण तथा सफ्टवेयर बिक्री वा वितरणको अनुमति प्राप्त व्यक्ति, संस्था, फर्म वा कम्पनीलाई सम्झनु पर्छ।

(ज) "फ्रन्ट इन्ड (Front end)" भन्नाले सफ्टवेयरमा प्रयोगकर्ताले तथ्याङ्क प्रविष्टी तथा अन्य विवरण भर्ने, भण्डारण गर्ने, रिपोर्ट निकाल्ने तथा छपाइ गर्ने भाग सम्झनुपर्छ ।

(झ) "ब्याक इन्ड (Back End)" भन्नाले सफ्टवेयर प्रयोगकर्ताले प्रत्यक्ष नदेख्ने सफ्टवेयरको कोड फाइल तथा प्रविष्टी भएका डाटा भण्डारण हुने डाटावेस सम्झनुपर्छ।

(ञ) "विद्युतीय भुक्तानी" भन्नाले विद्युतीय बैंकिङ्ग, भुक्तानी कार्ड, अन्तर बैंक भुक्तानी, इ-मनि र मोबाईल बैंकिङ्ग लगायतका भुक्तानी उपकरणलाई सम्झनुपर्दछ।

## परिच्छेद -२

## सूचीकरण र अनुमति सम्बन्धी व्यवस्था

३. सफ्टवेयर सूचीकरण सम्बन्धी व्यवस्थाः (१) सहकारी संस्थाले यस कार्यविधि बमोजिमका मापदण्डहरु पूरा गरी सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयमा सूचीकरण गरिएका विद्युतीय उपकरण तथा सफ्टवेयरहरु मात्र प्रयोग गर्नुपर्नेछ। कार्यालयमा सूचीकरण भएका उपकरण तथा सफ्टवेयरहरुको जानकारी कार्यालयको आधिकारिक वेबसाईटबाट प्राप्त गर्न सकिनेछ।

(२) विद्युतीय उपकरण तथा सफ्टवेयरमा यस कार्यविधि बमोजिमका मापदण्डहरु पूरा भएको व्यहोरा उक्त उपकरण वा सफ्टवेयरको उत्पादन स्वदेशमा भएको भए उत्पादक स्वयले र विदेशबाट आयात गरेको भए सोको आधिकारिक वितरक स्वयले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन गरी कार्यालयमा सूचीकरण गराउनु पर्नेछ।

(३) विद्युतीय उपकरण तथा सफ्टवेयर सूचीकरणकर्ताले आफ्नो विद्युतीय उपकरण तथा सफ्टवेयर प्रयोगकर्तालाई अनुसूची-२ बमोजिमको ढाँचामा विद्युतीय उपकण तथा सफ्टवेयर प्रयोग गर्ने सन्दर्भमा स्वीकृति पत्र उपलब्ध गराउनु पर्नेछ र यसरी स्वीकृति पत्र उपलब्ध गराएको जानकारी मन्त्रालय र सहकारी विभाग समेतमा गराउनु पर्नेछ।

प्रदेश सचिव

मा. खगेनसिं हङ्गमान
मन्त्री

(४) यस कार्यविधि बमोजिम कार्यालयमा सूचीकरण भएका उपकरण तथा सफ्टवेयर सहकारी संस्थाहरूमा प्रयोग गर्न योग्य भएको मानिनेछ।

तर कार्यविधि अनुसार मापदण्ड नभएको/ नपुगेको खण्डमा मापदण्ड पूरा गरी पुनः सूचीकृत गर्नु पर्नेछ।

४. <u>अनुमति सम्बन्धी व्यवस्थाः</u> (१) सूचीकृत विद्युतीय उपकरण तथा सफ्टवेयरहरु कार्यालयले तय गरेको मापदण्ड अनुसार मूल्यांकन समिति मार्फत मूल्यांकन गराइ सोको नतिजा श्रेणी प्रकाशन गर्नेछ।

(२) मूल्याङकन समितिको सिफारिस अनुसार कार्यालयले सेवा प्रदायक संस्थासंग थप कागजात वा प्रस्तुतिकरण माग्न सक्नेछ।

(३) न्यूनतम मापदण्ड पुरा गरेका उपकरण तथा सफ्टवेयरहरुलाई निःशर्त अनुमति प्रदान गर्न सक्नेछ।

(५) कारोबारको सिलसिलामा विद्युतीय माध्यमबाट रसीद जारी गर्न चाहने व्यक्ति वा कार्यालयमा विद्युतीय माध्यमबाट लेखांकन गर्न र रसिद जारी गर्नुपर्ने गरी तोकिएका व्यक्तिले अधिकार प्राप्त अधिकारीबाट अनुमति लिएर मात्र विद्युतीय माध्यमबाट रसीद जारी गर्नुपर्नेछ।

## परिच्छेद- ३

## <u>सफ्टवेयर प्रदायक संस्थाको काम कर्तव्य र अधिकार</u>

४. <u>सफ्टवेयर प्रदायक संस्थाहरुको काम कर्तव्य र अधिकारः</u> सफ्टवेयर प्रदायक संस्थाहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) तथ्यांकको भण्डारण गोपनीयता तथा सुरक्षण कायम गर्ने।

(ख) संचालन तालीम प्रदान गर्ने।

(ग) सपोर्टका लागि टोल फ्रि (संस्थालाई शुल्क नलाग्ने गरी) नम्वरको व्यवस्था गर्ने।

(घ) नियामक निकाय तथा सरकारका नीति नियम सम्वन्धि व्यवस्था सफ्टवेयरमा पालना गर्ने र समय समयमा हुने फेरबदल अध्यावधिक गर्ने।

(ङ) संस्थाले सेवा प्रदायकसंग थप कार्य नगर्ने वा अन्य सेवा प्रदायकसंग संझौता गर्न चाहेमा सम्पूर्ण तथ्यांक सहितको सेवा Data Migration निशर्त दिनुपर्ने।

(च) सेवा प्रदायकले सहकारी संघ/संस्थालाई उपलब्ध गराएको सम्झौता बमोजिमको सफ्टवेयरको जानकारी ३ दिनभित्र नियामक निकायमा पठाउनु पर्नेछ।

प्रदेश सचिव

मा. खगेनसिं हाङगाम
मन्त्री

(छ) सहकारी सम्बन्धी माग गरेको कुनै सूचना तथा विवरण विषयको प्रकृति र गाम्भिर्यताको आधारमा बढीमा ३ दिन भित्रउपलब्ध गराउनु पर्नेछ।

(ज) विपद व्यवस्थापन अनुसार तथ्यांकको बहुप्रति बनाइ फरक भौगोलिक स्थानमा Real Time भण्डारणको व्यवस्था गर्ने।

परिच्छेद -४

विद्युतीय उपकरण तथा सफ्टवेयर सम्बन्धी मापदण्ड

५. उपकरणको मापदण्डः (१) विद्युतीय माध्यमबाट लेखांकनका लागि प्रयोग गरिने उपकरण स्वयंबाट उत्पादित वा अरुबाट उत्पादित वा आयातित जुनसुकै किसिमको हुन सक्नेछ। उक्त उपकरण सम्बन्धी अनुसूची-१ बमोजिम पेश भएको विवरण अनुसार अनुगमन गरी स्वीकृति प्रदान गर्ने कार्य तोकिएको समितिबाट हुनेछ।

(२) विद्युतीय माध्यमबाट लेखांकनका लागि प्रयोग गरिने उपकरणको मापदण्ड देहाय बमोजिम हुनेछ।

(क) उपकरणको प्रयोगकर्ता पुस्तिका (User Manual) नेपाली वा अंग्रेजी भाषामा छपाइ गरिएको वा सफ्टवेयर फाइलको रुपमा तयार गरी राखिएको हुनुपर्नेछ।

(ख) उपकरणमा प्रयोग गरिने सफ्टवेयर, डाटावेस तथा सिस्टम आर्किटेक्चर (System Architecture) को विषयमा अवस्था अनुसार समितिले थप स्पष्टताको माग गर्नसक्नेछ ।

(ग) सफ्टवेयरमा डाटावेस म्यानेजमेन्ट सिष्टम ( Database Management System) मा आधारित स्ट्रक्चर्ड क्वेरी ल्यांग्वेज (Structured Query Language) मा लेखिएको क्वेरी (Query) प्रशोधन गर्न सक्ने हुनुपर्दछ ।

(घ) डाटावेसमा एक पटक प्रविष्ट भैसकेका तथ्याङ्क मेट्न नमिल्ने गरी व्यवस्था गरेको हुनुपर्नेछ । तर विशेष कारणले सच्याउने गरी सुविधा राखिएको भएतापनि सच्याउन सकिने व्यवस्था दुई तहबाट गर्न सकिने व्यवस्था र सो सच्चिएको विवरण नियामकले समेत हेर्न मिल्ने गरी व्यवस्था गरेको हुनुपर्नेछ।

(ङ) डाटावेसमा गरिएका सम्पूर्ण कार्यको स्वचालित रूपमा विवरण राख्ने व्यवस्था गरिएको लग आर्काइभ इन्याबल्ड (Log archive Enabled) हुनुपर्नेछ । डाटावेसमा

प्रदेश सचिव मा. खगेनसिं हाङ्गाम
मन्त्री

प्रविष्ट गरिएका तथ्याङ्कको व्याकअप (Backup) गरेर राख्ने र आवश्यक परेको अवस्थामा रिकभर ( Recovery) गर्न सक्ने व्यवस्था हुनुपर्नेछ ।

(च) डाटावेसमा राखिएका हरेक रेकर्डमा सोको प्रविष्टि मिति, समय, रेकर्डको प्रभावग्राहिता तथा प्रयोगकर्ताको पहिचान सम्बन्धी जानकारी हुनुपर्नेछ ।

(छ) डाटावेसमा हरेक आर्थिक वर्षमा सिलसिलेवार रुपमा रसीदसंख्यारसीद जारी गर्ने गरीं एट्रिब्यूट (Attribute) भएको टेबल (Table) वा म्याटरिएलाइज्ड भ्यू (Materialized View) को साथै सो विवरण हेर्न र छपाइ गर्न मिल्ने गरी रिपोर्टको व्यवस्था भएको हुनुपर्नेछ ।

(ज) फ्रन्ट इन्ड एप्लिकेशन (Front End Application) द्वारा एक आर्थिक वर्षमा सिलसिलेवार रसीद नम्बर भएको रसीद एकपटक मात्र छपाई गर्न मिल्ने गरी व्यवस्था गरिएको हुनु पर्नेछ । कुनै कारणवश उक्त रसीदको प्रतिलिपि पुनःछपाइ गर्नु परेमा रसीदमा "प्रतिलिपि" वा "Copy of Original" भन्ने वाक्यांश प्रष्ट देखिने गरी छपाइ हुनुपर्नेछ। यसरी प्रतिलिपि छपाइ गरेको कुनै पनि रसीद कति पटक छपाइ भएको हो सो संख्या समेत विल, विजक तथा रसिदमै उल्लेख हुनुको साथै सो तथ्याङ्क भण्डारण हुने र सो सम्बन्धी तथ्याङ्क अनुसन्धानको क्रममा हेर्न मिल्ने समेत व्यवस्था हुनुपर्नेछ ।

(झ) जारी गरिसकेको रसीद कुनै कारणवस रद्द गर्नु परेमा सोको कारण जनाई रद्द गर्न सक्ने प्रावधान राख्न सकिनेछ । यसरी रसीद रद्द गर्दा सोको विवरण समेत अद्यावधिक हुनुपर्नेछ । यसरी रद्द गरिएका रसीद सम्बन्धी सम्पूर्ण विवरण हेर्न तथा छपाइ गर्न सकिने गरी रिपोर्टको व्यवस्था भएको हुनु पर्नेछ।

(ञ) फ्रन्ट इन्ड एप्लिकेशन (Front End Application) मा विल, विजक तथा रसिद तथा बिक्री सम्बन्धी विवरण तोकेको ढाँचामा हेर्न र छपाइ गर्न सक्ने व्यवस्था हुनु पर्नेछ ।

(ट) फ्रन्ट इन्ड एप्लिकेशन (Front End Application) मा प्रत्येक प्रयोगकर्ताले गरेको कार्यको अडिट ट्रेल रिपोर्ट/एक्टिभिटी, लग (Audit Trail Report/ Activity log हेर्न र छपाइ गर्न सक्ने व्यवस्था भएको हुनुपर्नेछ ।

(ठ) सफ्टवेयरमा प्रविष्ट भैसकेका कुनै पनि तथ्याङ्क हटाउन नसकिने हुनुपर्नेछ । कुनै कारणवश हुने गल्तिहरु सच्याउनका लागि फ्रन्ट इन्ड एप्लिकेशन (Front End Application) मा रेकर्डको प्रभावग्राहिता अन्त्य गरी नयां अभिलेख राख्ने

प्रदेश सचिव मा. खगेनसिं हाङ्गाम
मन्त्री

व्यवस्था हुनुपर्नेछ । यसरी सच्याइएका रेकर्डहरुको छुट्टै रिपोर्ट समेत हेर्ने तथा छपाइ गर्ने व्यवस्था सफ्टवेयरमा मिलाइएको हुनुपर्नेछ ।

(ड) सफ्टवेयर को डाटावेसमा भएका विभिन्न तालिकाहरु (Table) एक्सेल (Excel) वा एक्सएमएल ( XML) तथा पिडिएफ (PDF Format) फरम्याट मा फ्रन्ट इन्ड एप्लिकेसन (Front End Application) बाट एक्स्पोर्ट वा डाउनलोड (Export or Download) गर्न मिल्ने हुनुपर्नेछ ।

(ढ) फ्रन्ट इन्ड एप्लिकेसनमा निश्चित प्रकारको आधिकारिक प्रयोगकर्ता (Authorized User ) प्रयोग गरी डाटावेस तथा लग आर्काइभ (Log Archive) को व्याकअप (Backup ) गरेर राख्ने व्यवस्था मिलाइएको हुनु पर्नेछ ।

(ण) सफ्टवेयरको युजर म्यानुअल (User manual) नेपाली वा अंग्रेजी भाषामा छपाइ गरिएको र सफ्टवेयरमै हेल्प (Help) फाइलको रुपमा समेत राखिएको हुनुपर्नेछ।

(त) सफ्टवेयर Web service/ Web API मार्फत सर्भरमा तथ्यांक भण्डारण गर्न सक्ने गरी तयार भएको हुनु पर्नेछ ।

(थ) सफ्टवेयरमा स्वचालित Day EndDay Open तथा Manual Day End को व्यवस्था हुनुपर्नेछ ।

(द) लेखापरीक्षकको प्रतिवेदन अनुसार हिसाब मिलान गर्न मिल्ने हुनुपर्नेछ । यसरी मिलान गरिएको हिसाब जुन आर्थिक बर्षको लागि हो सोहि आर्थिक वर्षको प्रतिवेदनमा देखिनु पर्नेछ ।

(ध) सेवा प्रदायकले तथ्यांक गोपनियता तथा सुरक्षाको प्रत्याभूतिको लागि ISO 27001 वा सो सरहको मापदण्ड प्राप्त गरेको हुनुपर्नेछ ।

(न) हाल बजारमा संस्थाहरुले संचालन गरी आएका रहेका सेवा प्रदायक संस्थाहरुले कार्यालयले सूचना प्रकाशन गरेपश्चात सूचीकरणमा आउनु पर्नेछ।

(प) क्लाउडमा आधारित सफ्टवेयरको हकमा मूल सर्भर नेपाल राज्यभित्र रहेको र त्यस्तो स्थानको विषयमा कार्यालय तथा सम्बन्धित संस्थालाई पूर्व जानकारी गराएको हुनुपर्नेछ।

(फ) सर्भरमा कार्यालय तथा सम्बन्धित संस्थाको पहुंच रहने व्यवस्था हुनुपर्नेछ।

प्रदेश ...
मा. खगेनसिं हाङ्गाम
मन्त्री

(ब) सर्भर Multi-Tenancy Architecture मा आधारित हुनुपर्नेछ अर्थात कुनै एक व्यक्तिको तथ्यांक अर्को व्यक्तिको तथ्यांकसंग नमिसिने गरी अलग अलग भण्डारण हुनुपर्नेछ।

(भ) विद्युतीय माध्यमबाट कारोबार जारी गर्न अनुमति प्राप्त संस्थाले अनिवार्य रुपमा हरेक आर्थिक वर्षको डाटाबेस (Database) र लग (Log) को ब्याकअप (Backup) राख्नुपर्नेछ। सो ब्याकअप कारोबारको लेखा सुरक्षित राख्नुपर्ने अवधिसम्म सुरक्षित राख्नुपर्नेछ।

## परिच्छेद-५

## उपकरण तथा सफ्टवेयर मूल्यांकन सम्बन्धि व्यवस्था

६. उपकरण तथा सफ्टवेयर मुल्याङ्कन समिति सम्बन्धी व्यवस्थाः (१) सहकारीमा प्रयोग हुने एप्लिकेशन सफ्टवेयर मुल्यांकन गरी सूचिकरण गर्नका लागि रजिष्ट्रार समक्ष सिफारिस गर्न देहाय बमोजिमका सदस्यहरु रहेको एक उपकरण तथा सफ्टवेयर मूल्याङ्कन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | रजिष्ट्रार, प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय | संयोजक |
| (ख) | सूचना प्रविधि अधिकृत, उद्योग कृषि सहकारी मन्त्रालय | सदस्य |
| (ग) | लेखा विज्ञहरु मध्येबाट रजिष्ट्रारले तोकेको एक जना लेखा विज्ञ | सदस्य |
| (घ) | सूचना प्रविधि सम्बन्धी विज्ञहरु मध्येबाट रजिष्ट्रारलें तोकेको एक जना जना सूचना प्रविधि सम्बन्धी विज्ञ | सदस्य |
| (ङ) | कम्प्युटर अधिकृत वा कम्प्युटर अपरेटर, प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय | सदस्य सचिव |

(२) रजिष्ट्रारले आवश्यक ठानेमा अपराध अनुसन्धान र कार्यालय रहेको जिल्लाको आन्तरिक राजस्व कार्यालय वा राजस्व प्रशासनका प्रतिनिधिको सेवा लिन सक्नेछ।

७. मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः उपकरण तथा सफ्टवेयर मूल्याकन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारीको कारोबारको लेखांकन गर्नका लागि तयार पारिएका सफ्टवेयरको न्यूनतम मापदण्ड निर्धारण गर्ने।

(ख) पेश भएका सफ्टवेयर कम्पनीले पेश गरेका कागजात र सफ्टवेयरको मूल्यांकन गरी रजिष्ट्रार समक्ष पेश गर्ने।

प्रदेश सा... मा. ...तिं हाङगाम
मन्त्री

(ग) सफ्टवेयर संचालनका क्रममा केही अनियमितता वा सफ्टवेयरको न्यूनतम मापदण्ड रहे नरहेको वा विवादहरु देखिएमा सोको समाधान गर्ने।

(घ) समय समयमा सफ्टवेयर तथा लेखाकनमा भएका फेरवदल वा विभागीय निर्देशनले लेखांकनमा पर्नसक्ने प्रभाव मूल्याकन गरी नियामक निकायमा राय पेश गर्ने।

(ङ) स्थानीय निकायहरुले समेत यस प्रकारको सेवा लिन चाहेमा उपयुक्त राय सिफारिस गर्ने।

८. <u>बाधा अड्काउ फुकाउने</u>: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले सहकारी सम्बन्धी ऐन र नियमावलीको परिधि भित्र रही त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

प्रदेश सचिव

मा. खगेनसिं हाङगाम
मन्त्री

अनुसूची- १

(कार्यविधिको दफा ३ (ख) संग सम्बन्धित)

विषय: एप्लिकेशन सफ्टवेयर सूचीकरण सम्वन्धमा

श्रीमान् सहकारी रजिष्ट्ररज्यू

प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय,

इनरुवा सुनसरी ।

विद्युतीय माध्यमबाट सहकारी संस्थाको लेखांकन गर्ने प्रयोजनका लागि मेरो हाम्रो फर्म/कम्पनीबाट उत्पादन / वितरण गरिएको देहायमा उल्लिखित उपकरण सहकारी संस्थाको एप्लिकेशन सफ्टवेयर कार्यविधि, २०८१ बमोजिमका सम्पूर्ण प्रावधानहरु पूरा भएको अनुरोध गर्दछु/गर्दछौं । यस सम्वन्धमा पछि कही कतैंबाट कुनै मापदण्ड उल्लंघन भए गरेको देखिएमा कानुन बमोजिम सहन बुझाउन तयार रहेको व्यहोरा अनुरोध गर्दै सूचीकरणका लागि अनुरोध गर्दछु / गर्दछौं ।

सफ्टवेयर सम्बन्धी विवरण

नाम (ब्राण्ड/ट्रेडमार्क) -

पछिल्लो भर्सन:

सफ्टवेयरको प्रकार: वेब बेस्ड (क्लाउडमा आधारित) डेक्सटप (स्टयाण्डअलोन)

निर्माण गर्ने कम्पनीको नाम:

निर्माण मिति:

सफ्टवेयरको मुख्य सर्भर रहेको स्थान:

निर्माण गर्न प्रयोग गरिएको प्रविधि:

| Front End Technology | Back End Technology | Reporting |
|---|---|---|
| | | |
| | | |

प्रदेश सचिव

मा. खगेनसिं हाङ्गाम
मन्त्री

सफ्टवेयरका विशेषताहरू (छोटकरीमा)

सफ्टवेयरको सञ्चालन तथा सुरक्षाका लागि आवश्यक हार्डवेयर (नेटवर्क उपकरण)को विवरणः

| हार्डवेयरको नाम | हार्डवेयरको स्पेशिफिकेशन | कुनै किसिमको अपडेट/अपग्रेड आवश्यक पर्ने/नपर्ने पर्ने भए विवरण |
|---|---|---|
| | | |

सफ्टवेयरसँग सम्बन्धित उपकरणहरू विवरण (प्रयोग गर्ने खण्डमा मात्र)

| उपकरणको नाम, ब्राण्ड, मोडेल नं. | Front End Technology | Inbuilt Facilities | कुनै किसिमको अपडेट/अपग्रेड आवश्यक पर्ने/नपर्ने |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

२. संलग्न कागजातः

निवेदन फारम साथ संलग्न गर्नुपर्ने आवश्यक कागजात एवं सामग्रीहरु

क) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि

ख) कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि

ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

आवेदन गर्ने:

क. उत्पादक/वितरकको नाम :

ख. स्थायी लेखा नं. :

ग. ठेगाना :

प्रदेश सचिव

मा. खगेनसिं हाङगाम
मन्त्री

घ. प्रबन्धक निर्देशक / कार्यकारी निर्देशकको नाम :

ङ. दस्तखत र छाप

च. इमेल ठेगाना :

छ. फ्याक्स नं. :

ज. टेलिफोन :

झ. मोबाइल नं. :

ञ. वेबसाइट :

प्रदेश सचिव

मा. जोलास हाङगाम
मन्त्री

अनुसूची-२

(कार्यविधिको दफा ३ (ग) संग सम्बन्धित)

प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय

इनरूवा, सुनसरी ।

## सफ्टवेयर प्रयोग गर्ने स्वीकृति पत्र

त्यस फर्म/कम्पनी ले विद्युतीय माध्यमबाट सहकारी संस्थाको लेखांकन गर्ने प्रयोजनका लागि उत्पादन / वितरण गरेको देहायमा उल्लिखित सफ्टवेयर *सहकारी संस्थाको एप्लिकेशन सफ्टवेयर कार्यविधि २०८१* बमोजिम देहायका शर्तहरू सहित सहकारी संस्थाहरूमा प्रयोगका लागि स्वीकृति दिइएको छ ।

फर्म सम्बन्धी विवरण:

फर्म/कम्पनीको नाम:

फर्म/कम्पनीको ठेगाना:

फर्म/कम्पनीको सम्पर्क व्यक्ति तथा सम्पर्क नम्बर:

सफ्टवेयर सम्बन्धी विवरण:

नाम (ब्राण्ड ट्रेडमार्क) -

पछिल्लो भर्सन:

सफ्टवेयरको प्रकार: वेब बेस्ड (क्लाउडमा आधारित) डेक्सटप (स्टयाण्डअलोन)

निर्माण गर्ने कम्पनीको नाम:

निर्माण मिति:

सफ्टवेयरको मुख्य सर्भर रहेको स्थान:

निर्माण गर्न प्रयोग गरिएको प्रविधि:

| Front End Technology | Back End Technology | Reporting |
|---|---|---|
| | | |
| | | |

स्वीकृति प्रदान गर्ने अधिकारीको दस्तखत:

जारी मिति:

प्रदेश सचिव

मा. खगेन्द्रसिं हाङ्गाम
मन्त्री

शर्तहरू:

१. प्रत्येक सहकारी संस्थामा सफ्टवेयर प्रयोगमा ल्याएको तीन दिन भित्र कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

२. कार्यालयले माग गरेको बखत सफ्टवेयरको प्रतिवेदन, प्रयोगकर्ताको विवरण लगायतका विवरण तुरून्त उपलब्ध गराउनु पर्नेछ ।

३. कार्यालयको निर्देशन पालना नगरेमा कार्यालयले सफ्टवेयर प्रयोगमा रोक लगाउन सक्नेछ ।

प्रदेश सचिव

मा. खगेनसिं हाङगाम
मन्त्री